# स्थानीय राजपत्र

## वनगाड कुपिण्डे नगरपालिकाद्वारा प्रकाशित

संख्याः४ खण्डः ६ पारित मितिः२०८०।११।२९

प्रकाशन मितिः २०८०।१२।०४


### भाग – १

### वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन २०७५ दोश्रो संशोधन, २०८०

वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले वनगाड कुपिण्डे नगरपालिकाको नगरसभाले देहाय बमोजिमको ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन (दोश्रो संशोधन) २०८०" रहने छ ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. मुल ऐनको दफा १६ः** (१) मा संशोधन मुल ऐनको दफा १६ (१) लाई संशोधन गरी निम्नानुसार बनाइएको छ ।

नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उप प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नगरकार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक -सदस्य

ङ) नगरकार्यपालिकाले सभा सदस्य मध्येबाट तोकेका एक जना दलित महिला सहित २ जना - सदस्य

निको च) समाजसेवी तथा शिक्षाप्रेमीहरु मध्य नगर शिक्षा समितिले मनोनित गरेका १ जना - सदस्य

छ) सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट नगरप्रमुखले मनोनित गरेका १ जना - सदस्य

ज) आधारभूत तथा माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्यबाट नगर प्रमुखले मनोतित गरेका १ जना महिला सहित २ जना - सदस्य

झ) अपाङ्ग शिक्षक मध्यबाट' शिक्षा समिति अध्यक्षले तोकेको १ जना - सदस्य

ञ) शिक्षक महासंघ प्रतिनिधि १ जना - सदस्य

ट) संस्थागत विद्यालयका प्रधानाध्यापक मध्यबाट नगर प्रमुखले मनोतित गरेका १ जना -सदस्य

ठ) नगर खेलकुद विकास समितिको अध्यक्ष - सदस्य

ड) शिक्षा युवा तथा खेलकुद शांखा प्रमुख - सदस्य सचिव

दोश्रो संशोधनबाट थप गरिएको।

आज्ञाले,

जगत बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत